बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था
स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा
भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट
मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।
खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म
सम्पर्क तथा विक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ,
अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१४ ।। अङ्क : ०५४ ॥ २०७८ चैत्र ११ गते शुक्रबार (25th Mar 2022 Friday) Pratidin National Daily dNo-?:%÷-

# ‘प्रहरीले कार्वाही गरेन’



***झापा (प्रस) ।*** झापाको शिवसताक्षी नगरपालिका वडा नं १ मा भएको सांघातिक हमलाका दोषीलाई कार्वाही गर्न प्रहरीले हिम्मत गर्न सकेको छैन । शुरुमा जाहेरी लिन नमानेको प्रहरीले ज्यान मार्ने उद्योगअन्तर्गत किटानी जाहेरी दिँदा समेत दोषीलाई पक्राउ गरी कार्वाही गर्न नसकेको पीडितहरुले गुनासो गरेका हुन् ।

गत फागुन २७ गते बिहान दिव्या बाँसकोटा , जानुका ढकाल , भेषराज ढकाल र तेजस्विनी बाँसकोटामाथि सांघातिक हमला भएको थियो । हमलाबाट दिव्या बाँसकोटा , जानुका ढकाल र भेषराज ढकाल अस्पताल भर्ना भएका थिए । बिर्तामोडको बिएण्डसी हस्पिटलमा २ लाख ६९ हजार रुपैयाँ उपचारमा खर्च भएको र अझै उपचार जारी रहेको परिवारले जनाएको छ । सांघातिक हमला भएपछि प्रहरीले हमला गर्नेहरुलाई पक्राउ गरेर लगेपनि सोही दिन रिहा गरेको थियो । त्यसपछि आफूहरुले इलाका प्रहरी कार्यालय झिलझिलेमा जाहेरी दिन खोज्दा प्रहरीले लिन नमानेको र धैरै हारगुहारपछि मात्र हमला गर्ने युवराज खरेल , कुशल खरेल , अजय बाँसकोटा , कल्पना खरेल र चैतकुमारी खरेलमाथि ज्यान मार्ने उद्योगअन्तर्गत किटानी जाहेरी लिएको पीडित परिवारकी कलाकार तेजस्विनी बाँसकोटाले बताइन् । ‘धेरैजनालाई हारगुहार गरेपछि र धेरैतिरको दवावपछि बल्ल प्रहरीले फागुन २९ गते जाहेरी दर्ता गर्यो ’उनले भनिन् , ‘तर , जाहेरीउपर अभैसम्म कार्वाही भएन ।’ राजनीतिक संरक्षणाका कारण गाउँघरमै रहेकादोषीलाई प्रहरीले पक्राउ गर्न नसकेको उनले गुनासो गरिन् । आफूहरुलाई प्रहरी प्रशासनदेखि जनप्रतिनिधिहरुले समेत साथ नदिएको उनको गुनासो छ । बाटोको विषयमा विवाद भएको थियो । त्यही विवादका क्रममा तेजस्विनीको परिवारमाथि हमला भएको थियो । घटना भएको दिन पक्राउ पर्दा आरोपितहरुलाई वडाध्यक्ष सुवास राईले जमानीमा रिहा गराएका थिए । तर, उनले ती आरोपितहरुलाई प्रहरीको जिम्मा लगाएका छैनन् । ‘आफूले दुईजनालाई जमानीमा रिहा गराएको स्वीकार गर्दै वडाध्यक्ष राईले आरोपितहरुलाई आफूले इलाका प्रहरी कार्यालय जान भनेको जानकारी दिए । उनले ती आरोपितहरुसंग आफ्नो सम्पर्क भइरहेको बताउँदै केही दिनभित्र प्रहरीकहाँ उपस्थित हुने जानकारी दिए । तर, प्रहरीले भने ती आरोपितहरु बेपत्ता रहेको बताउँदै आएको छ ।

‘ हामी खोजी गरिरहेका छौं ’इलाका प्रहरी कार्यालय झिलझिलेका प्रहरी निरीक्षक ध्रुवनारायण प्रधानले भने,‘ अनुसन्धान र कार्वाहीको प्रक्रिया जारी छ ।’ गाउँघरमै रहेका आरोपितहरुलाई प्रहरीले पक्राउ नगरेको पीडित परिवारको गुनासो हो । ‘प्रहरीले टार्ने काम मात्र गरिरहेको छ , हामीले न्याय पाएनौं कृपया सबैले सहयोग गर्नुहोला’ पीडित तेजस्विनीले भनिन् ।

# लेटाङमा कफ्र्यू हट्यो



लेटाङ । मोरङको लेटाङमा सोमबार बिहानैदेखि जारी गरिएको कफ्र्यू बिहीवारबाट पूर्ण रूपमा हटेको छ । बुधवार केही खुकुलो पारिएको कफ्र्यु बिहीवार बिहानदेखि पूर्णरूपमा हटाइएपछि लेटाङको जनजीवन सामान्य अवस्थामा फर्कँदै छ ।स्थानीय एक विद्यालयका शिक्षकले विद्यार्थीमाथि यौन दुर्व्यवहार गरेको विरोधमा भएको झडपका कारण आइतबार बेलुका एक प्रहरीको मृत्यु भएको थियो । भीड नियन्त्रणमा पुगेकी प्रहरी जवान उर्मिला श्रेष्ठको मृत्यु भएको हो । त्यसपछि सोमबार बिहानदेखि प्रशासनले लेटाङमा कफ्र्यु आदेश जारी गरेको थियो । घटनाको छानबिन गर्न एसएसपी राजेन्द्रप्रसाद चौधरीको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरिएको छ ।

# पल शाहलाई कारागार चलान गरिदैं



***झापा (प्रस) ।*** जिल्ला अदालत तनहुँले नायक पल शाहलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ।

जबर्जस्ती करणी मुद्दामा बुधबार र बिहीबार वादी र प्रतिवादी कानुन व्यवसायीको थुनछेक बहसपछि जिल्ला न्यायाधीश हरिशचन्द्र ढुंगानाको एकल इजलासले शाहलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको हो।

शाहका म्यानेजर कृष्ण जोशीलाई भने एक लाख धरौटीमा रिहा गर्न आदेश दिएको जिल्ला सरकारी वकिल रामचन्द्र शर्माले जानकारी दिए। नाबालिक किशोरीलाई प्रलोभनमा पारेर जबर्जस्ती करणी गरेको अभियोगमा शाह फागुन १५ देखि जिल्ला प्रहरी कार्यालय तनहुँको हिरासतमा छन् । अब शाहलाई कारागार चलान गरिनेछ। शाहविरुद्ध जिल्ला अदालत नवलपुरमा पनि जबर्जस्ती करणी मुद्दा चलिरहेको छ।

# बिर्तामोडमा ‘अ डे वीथ सन्दिप क्षेत्री’



***बिर्तामोड (प्रस) ।*** स्काई क्रिएटर्स इन्टरटेन्मेन्ट प्रा.लि. र भिप्रा एड्भरटाइजिङ एन्ड मिडिया प्रा.लि.ले बिर्तामोडमा ‘अ डे वीथ सन्दिप क्षेत्री’ नामक एकदिवसीय कार्यक्रम गर्ने भएका छन् ।

उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई लक्षित गरी यही चैत २६ गते शनिवारका दिन बिर्तामोडस्थित सिटी सेन्टरको सभाहलमा सो कार्यक्रम गरिने भएको हो । झापाभरिका झण्डै एक हजार विद्यार्थीलाई सहभागी गराउने लक्ष्य रहेको आयोजकले जनाएका छन् । उनीहरुलाई लक्षित गर्दै सन्दिप क्षेत्रीद्वारा विशेष तालिमको आयोजना गरिएको स्काई क्रिएटर्स इन्टरटेन्मेन्ट प्रा.लि.का अध्यक्ष सन्दिप राजवंशीले बताए । उनले जिल्लाभरिका निजी तथा सामुदायिक विद्यालयमा कक्षा ११ र १२ सहित स्नातक तथा स्नातकोत्तर गर्दै गरेका विद्यार्थीहरुलाई कार्यक्रममा मोटिभेसन गरिने जानकारी दिए । देश तथा विदेशमा ख्याति कमाएका प्रशिक्षक क्षेत्रीले नेतृत्व विकास , क्षमता अभिवृद्धि र उद्यमशीलतासम्वन्धी प्रशिक्षण प्रदान गर्ने भिप्रा एड्भरटाइजिङ एन्ड मिडिया प्रा.लि.का कार्यकारी प्रमुख साइमनजंग बस्नेतले बताए । साथै विद्यार्थीहरुलाई मनोरञ्जन समेत प्रदान गरिने उनले जानकारी दिए । पत्रकार सम्मेलनमा भिप्रा एड्भरटाइजिङ एन्ड मिडिया प्रा.लि.का विमल राजवंशी , दीक्षा खातीले पनि कार्यक्रमबारे जानकारी दिएका थिए ।

# झापामा ९९२ क्षयरोगी पहिचान



***भद्रपुर (प्रस) ।*** झापामा आर्थिक वर्ष ०७७/०७८ मा क्षयरोगका झण्डै एक हजार बिरामीको पहिचान भएको छ । विश्व क्षयरोग दिवसका सन्दर्भमा स्वास्थ्य कार्यालय झापाले बिहीवार कार्यालय परिसरमा आयोजना गरेको अन्तरक्रियात्मक कार्यक्रममा सो आंकडा प्रस्तुत गरिएको हो ।

कार्यालयका क्षयरोग फोकल पर्सन विश्वनाथ श्रेष्ठले अघिल्लो वर्ष जिल्लामा ९९२ क्षयरोगी पहिचान भएको जानकारी दिए । जिल्लामा मेचीनगर नगरपालिकामा सबैभन्दा धैरै १८८ र झापा गाउँपालिकामा सबैभन्दा कम २२ जना नयाँ रोगी भेटिएको उनले बताए । यद्यपि, कार्यालयले २१ सय थपिने अनुमान गरेकोमा ११ सयजति छुटिरहेको उनको भनाइ थियो ।

विश्वमा सबैभन्दा बढी क्षयरोगी भएको भारतसँगको खुला सीमाका कारण झापामा क्षयरोग निवारण चुनौतीपूर्ण रहेको उनको भनाइ छ । प्रदेश नं १ मै सबैभन्दा बढी क्षयरोगी झापामा रहेको बताइन्छ ।

श्वास प्रश्वासको माध्यमबाट सर्ने क्षयरोग बैलैमा पहिचान भई स्वास्थ्यकर्मीको निगरानीमा नियमित औषधि सेवन गर्दा निको हुने भए पनि बिरामीले रोग लुकाउने गर्दा क्षयरोगीको यकिन तथ्यांक संकलन र उपचारमा समस्या हुने गरेको कार्यालयको भनाइ छ ।

‘क्षयरोग अन्त्यका लागि लगानी बढाऔं’ भन्ने नाराका साथ बिहीवार विश्वभरि यो क्षयरोग दिवस मनाइएको छ । स्वास्थ्य कार्यालयका अनुसार क्षयरोगबाट बँच्न आफूलाई शंका लाग्नासाथ खकार जँचाएर क्षयरोग लागेको भए नियमित औषधि सेवन गरे निको हुन्छ ।

जिल्ला समन्वय समितिका प्रमुख सोमनाथ पोर्तेलको प्रमुख आतिथ्यमा सम्पन्न अन्तरक्रिया कार्यक्रमको अध्यक्षता कार्यालयका परिवार नियोजन अधिकृत शशिकुमार भट्टराईले गरेका थिए ।



# कांग्रेसको कार्यालय उद्घाटन



***बिर्तामोड (प्रस)।*** नेपाली कांग्रेस अर्जुनधारा नगरपालिका वडा नं-९ को वडा कार्यालय बारघरेमा उद्घाटन भएको छ। नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले कार्यालयको उद्घाटन गरेका हुन्। कार्यालय उद्घाटन गर्दै उनले वडा र टोलका गतिविधि तीव्र बनाउन, कांग्रेस नेतृत्वको सरकारले गरेका कामबारे जनतालाई बुझाउन एवं एमसीसीका बारेका भ्रम चिर्न कार्यकर्तालाई आग्रह गरे।

कार्यक्रममा अग्रज व्यक्तित्व केदारमणि ढकाल, २ नम्बर क्षेत्रीय सभापति खगेन्द्र मैनाली, महाधिवेशन प्रतिनिधिहरु दिपेन्द्र ढकाल र लीला कटुवाल, जिल्ला सदस्य याम भुजेल, अर्जुनधारा नगर सभापति हेमराज खरेललगायतले शुभकामना मन्तब्य राखेका थिए। वडा सभापति लिलाप्रसाद पौडेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत सागर ढकाल र सञ्चालन शेखर बनले गरेका थिए।

यसैबीच वडा र टोलसम्म पुगेर नेपाली कांग्रेसको इतिहास, संगठन, स्थानीय तह निर्वाचन एवं एमसीसीबारे कांग्रेसको झापा र मातहत समितिहरुले चर्चा परिचर्चा गरिरहेका छन्। वडा र टोल स्तरीय तरुण एवं महिलाहरुलाई संगठित गर्दै बुथ समिति गठनको क्रम पनि जारी छ। यही क्रममा नेपाली कांग्रेस अर्जुनधारा नगरपालिका ४, ५, ६ र ७ नं वडास्तरीय अन्तरक्रियात्मक अभिमुखीकरण कार्यक्रम विहीबार सम्पन्न भएको छ।

नेपाली कांग्रेस अर्जुनधारा नगर समितिको सभाहलमा आयोजित कार्यक्रममा एमसीसी भ्रम र यथार्थमाथि अधिवक्ता भरत प्रसाई र पार्टीको नीति, विचार, सिद्धान्त र कार्यक्रम तथा चुनावी रणनीतिका बारेमा जिल्ला सचिव कृष्ण हुमागाईले सहजीकरण गरेका थिए। झापा क्षेत्र नं-२ प्रदेश 'ख' का सभापति किरण श्रेष्ठको सभापतित्व एवं १ नम्बर प्रदेश समिति सदस्य राजकुमार बराइलीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नगर सभापति हेमराज खरेलले विषय प्रवेश गराएका थिए भने कार्यक्रमको औचित्यमाथि क्षेत्रीय सभापति खगेन्द्र मैनालीले प्रकाश पारेका थिए।

अर्जुनधाराका ४,५,६ र ७ नं. वडाका २५० बढी कार्यकर्ताको सहभागिता रहेको सो अभिमुखीकरण कार्यक्रममा महाधिवेशन प्रतिनिधि दिपक तामाङ, जिल्ला सदस्य सरस्वती सिटौला, एल बहादुर गिरीलगायतका नेताहरुको उपस्थिति रहेको थियो।

# स्काउट स्वयम्सेवकहरुलाई तालिम

***भद्रपुर (प्रस)।*** पछिल्लो केही वर्षयता सुस्ताएको स्काउट गतिविधिलाई क्रियाशील गराउने उद्देश्यले झापाको भद्रपुरमा स्काउट स्वयम्सेवकहरुलाई आवश्यक तालिम प्रदान गरिएको छ।

भद्रपुर नगरपालिकाको आर्थिक सहयोगमा भद्रपुरको शैक्षिक तालिम केन्द्रमा नयाँ तथा पुराना स्काउटरहरुलाई बीटीसी तथा पीटीसी तालिम प्रदान गरिएको भद्रपुर नगर स्काउट तदर्थ समितिका संयोजक विवेक चौलागाईंले जानकारी दिए। चैत ५ गते शुरु भएको आवासीय तालिम बिहीबार दीक्षान्त समारोहका बीच समापन गरिएको पनि चौलागाईंले जानकारी दिए।



सहभागीहरुलाई ४७८ औं बीटीसी कोर्ष लिडर तथा १ नं प्रदेश स्काउट तदर्थ समितिका सदस्य अरुण बस्नेत र ३५० औं पीटीसी कोर्ष लिडर शिवानी देवानले प्रशिक्षण दिएका थिए।

समापन समारोहमा सहभागीहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो। समारोहका प्रमुख अतिथि भद्रपुर नगरपालिकाका प्रमुख तथा स्थानीय स्काउट संरक्षक जीवनकुमार श्रेष्ठ र उपप्रमुख तथा स्थानीय स्काउट प्रमुख चन्द्रा श्रेष्ठले प्रमाणपत्र वितरण गरेका थिए। समापनमा स्काउटको राष्ट्रिय तदर्थ समितिका सदस्य विजेन्द्र धौंजु, १ नं प्रदेश तदर्थ समितिका संयोजक रवि खनाल, राष्ट्रिय प्रशिक्षक शिवकुमार पौडेल, राष्ट्रिय सहायक प्रशिक्षक गंगाराम राईलगायतको उपस्थिति थियो। कार्यक्रम स्थानीय स्काउट तदर्थ समितिका सदस्य भगिरथ नेपालले संचालन गरेका थिए।


## झाडापखाला तथा बान्ताबाट बच्न

- दूषित खानेपानीको प्रयोग नगरौं,
- बासी, सडेगलेका तथा झिंगा, भुसुना भन्किएका खानेकुरा नखाऔं,
- सफासँग हात धोई खाना पकाऔं,
- खाना खानुअघि साबुनपानीले हात धोऔं,
- फलफूल तथा सागसब्जी सफा पानीले पखालेर मात्र खाऔं,
- स्वच्छ र सफा पानीको प्रयोग गरौं वा पानी उमालेर पिउने गरौं,
- चिल्लो वा तारेको खानेकुरा सकेसम्म नखाऔं,

झिंगा, दूषित खाना र पानी, फोहर हात एवं भाँडाकुँडा, झाडापखाला तथा बान्ताका कारक हुन्।

नेपाल सरकार
विज्ञापन बोर्ड


# बिर्तामोडमा अभिमुखीकरण कार्यक्रम



***बिर्तामोड (प्रस)।*** नेपाल सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य रोडम्याप २०३० सम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम बिर्तामोडमा सम्पन्न भएको छ। बिर्तामोड नगरपालिकाको स्वास्थ्य शाखाको आयोजनामा बिहीबार सो कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रमको नगरप्रमुख ध्रवकुमार शिवाकोटीले उद्घाटन गरे। कार्यक्रममा बोल्दै नगरप्रमुख शिवाकोटीले गर्भदेखि नै रेखदेख गर्दामात्र आमा र बच्चाको स्वास्थ्य अवस्था राम्रो हुने भएकाले सबैलाई सचेत रहन आग्रह गरे। उनले जनप्रतिनिधि आएदेखि बिर्तामोडमा गर्भवती महिलाहरुको लागि आवश्यक परामर्शका साथै निशुल्क क्याल्सियम वितरण गर्दै आएको जानकारी दिए। कार्यक्रममा सुरक्षित सुत्केरी सेवा,बच्चालाई गर्नुपर्ने रेखदेख,गर्भवती महिलाहरुले पाउँदै आएको सेवा सुविधा र अव गर्नुपर्ने काम,कर्तव्यका बारेमा प्रशिक्षण दिइएको थियो। जनप्रतिनिधि र स्वास्थ्य कर्मचारीहरुको लागि आयोजना गरिएको उक्त अभिमुखीकरण कार्यक्रमको सहजीकरण बिर्तामोड नगरपालिका स्वास्थ्य शाखाका प्रमुख राजिव विष्ट,अस्पताल नर्स निरीक्षक संगिता अधिकारी र सिनियर अहेव अधिकृत दिपक सापकोटाले गरेका थिए


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस।


## Invitation for Seal Quotations

### Jhapa Rural Municipality, Taghadubba, Jhapa

### Invitation for Quotations (Hard Copy)

**Date of publication: 24-03-2022AD (2078-12-10BS)**

1. The Jhapa Rural Municipality invites sealed quotations for the construction.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Jhapa Rural Municipality, Taghandubba, Jhapa. Contact: 9852630900**
3. A complete set of Bidding Documents may be purchased from the office **Jhapa Rural Municipality, Taghandubba, Jhapa** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till **07-04-2022AD (2078-12-24BS) during office hours(16:00).**

   **Bidders, submitting their seal bid, should deposit the cost of bidding document in the following account**

   **Name of the Bank: NIC Asia Bank Ltd** **Name of Office: Jhapa Rural Municipality**

   **Office Code no. : 80101325** **Office Account no.: 2022050512514014**

   **Antarik Rajaswa Khata**
4. Sealed bids must be submitted to the office Jhapa Rural Municipality by hand on or before 12:00 on 08-04-2022 AD (2078-12-25 BS). Bids received after this deadline will be rejected.

   The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 08-04-2022 AD (2078-12-25 BS) 1:00 PM at the office of **Jhapa Rural Municipality, Taghandubba, Jhapa**
5. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum as per table, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. If bidders wishes to submit the cash security, the cash should be deposited in deposite account no. (K2CA051251452407) at [NIC Asia Bank Ltd., Jhapa Bazaar Branch and submit the received of the deposited amount of cash along with the sealed Quotation.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| S.N. | Name of Project | Contract ID no. | Bid security amount NRs. | Estimated amount with VAT NRs. | Bid validity period | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Sufalko ghar dekhi paschim baadh samma malami sadak gravel + kuwaadi devi maa.bi dakshin chhabilal darnalko ghar paschi malami marga nirmaan | SBQ/Jhapa/JRM/11/078-79 | 25000 | 9,72,834.00 | 45 days | |

## Invitation for Seal Quotations

### Jhapa Rural Municipality, Taghadubba, Jhapa

### Invitation for Quotations (Hard Copy only)

Third Publication(3rd)

**Date of publication: 24-03-2022AD (2078-12-10BS)**

1. The Jhapa Rural Municipality invites sealed quotations for the construction.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Jhapa Rural Municipality, Taghandubba, Jhapa. Contact: 9852630900**
3. A complete set of Bidding Documents may be purchased from the office **Jhapa Rural Municipality, Taghandubba, Jhapa** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till **30-03-2022AD (2078-12-16BS) during office hours(16:00).**

   **Bidders, submitting their seal bid, should deposit the cost of bidding document in the following account**

   **Name of the Bank: NIC Asia Bank Ltd** **Name of Office: Jhapa Rural Municipality**

   **Office Code no. : 80101325** **Office Account no.: 2022050512514014**

   **Antarik Rajaswa Khata**
4. Sealed bids must be submitted to the office Jhapa Rural Municipality by hand on or before 12:00 on 31-03-2022 AD (2078-12-17 BS). Bids received after this deadline will be rejected.

   The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 31-03-2022 AD (2078-12-17 BS) 1:00 PM at the office of Jhapa Rural Municipality, Taghandubba, Jhapa
5. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum as per table, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. If bidders wishes to submit the cash security, the cash should be deposited in deposite account no. (K2CA051251452407) at [NIC Asia Bank Ltd., Jhapa Bazaar Branch and submit the received of the deposited amount of cash along with the sealed Quotation.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| S.N. | Name of Project | Contract ID no. | Bid security amount NRs. | Estimated amount with VAT nd ps NRs. | Bid validity period | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Yubraaj Prasaai ko ghar cheeuma culvert nirmaan ra so culvert dekhi dragon fruit hudai jyotis marga samma gravel. | SBQ/Jhapa/JRM/09/078-79RE | 25,000.00 | 9,74,215.54 | 45 days | |


## हरि ओम UPVC उद्योग



बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोन: ०२३-५४२४६१
हाम्रा सेवाहरु: यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन, रुफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरु निर्माण गरिन्छ।

नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop
9842717153 / 9842696003


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### खोई सचेतना कार्यक्रम ?

भारतसँग जोडिएको झापाको सिमाना खुला छ । नाकाहरू छन्, त्यहाँबाट धेरै थोक आयात गर्छौं। तिनै खुला सीमाको फाइदा अवैध धन्दावालहरूले उठाउँछन् र भित्र्याउँछन् लागूऔषध । झापामा लागूऔषध भित्रिने क्रम अत्यधिक बढेको छ । लागूओषधका प्रयोगकर्ता र कारोबारी पक्राउ नपरेको कुनै दिन बाँकी छैन । पक्राउ परेका लागूऔषध प्रयोगकर्ता र कारोबारीको उदाहरणले खुला सिमानाबाट भइरहेको अवैध वस्तुको आयातलाई छर्लंग पार्छ । प्रहरी अधिकारीहरूकै भनाइमा सीमावर्ती जिल्ला झापा लागूऔषध खैरो हेरोइन (ब्राउनसुगर) को 'ट्रान्जिट प्वाइन्ट' बनेको छ । सीमावर्ती भारतीय बजार पानीटंकी , गलगलियामा ब्राउनसुगर सजिलै पाइन्छ अनि सजिलै नेपाल भित्र्याइन्छ पनि । झापाबाट नेपालका काठमाडौं, पोखरा, धरान, नारायणगढ, दाङजस्ता पहाडी र भित्री मधेसका सहरसम्म पनि पुर्याइन्छ।

नेपाल लागूऔषध प्रयोगकर्ता सर्वेक्षणको पछिल्लो रिपोर्टलाई उद्धृत गर्दै गृह मन्त्रालयको तथ्यांकले भन्छ– मुलुकमा १ लाख ३० हजार ४ सय २४ लागूऔषध प्रयोगकर्ता छन्। १० वर्षअघिको दाँजोमा ५.६ प्रतिशतले बढेर त्यति पुगेका हुन्। डरलाग्दो कुरा के भने लागूऔषध प्रयोगकर्ता भनेर पक्राउ परेकामध्ये ८० प्रतिशत १६ वर्षदेखि २४ वर्ष उमेरको हुने गरेको प्रहरी अधिकारीहरूको भनाइ छ । स्कुल र कलेजका विद्यार्थी दुई लाख ५० हजारको हाराहारीमा लागूऔषध प्रयोगकर्ता रहेको भन्ने लागूऔषध नियन्त्रणमा खटिएका अभियन्ताहरूको दाबी छ । भविष्यको कर्णधार मानिएको उमेर समूहको ठूलो संख्या लागूऔषधको दलदलमा फसेको छ । तसर्थ यो देशकै लागि निकै संवेदनशील र गम्भीर मुद्दा हो। दुर्व्यसनी हुनु स्वयं व्यक्ति, परिवार, समाज र सिंगो राष्ट्रका लागि निकै घातक कुरा हो। नेपालले पनि लागूऔषध नियन्त्रणको कानुन बनाएको छ। नेपाल प्रहरीअन्तर्गत लागूऔषध नियन्त्रण ब्युरोहरू छन् । ती सत्प्रयास भइरहेका छन् तर, दुर्व्यसनीको संख्या बढिरहेको छ । प्रहरी प्रशासनले जति धेरै कार्वाही गरिरहेको छ , त्यति नै धेरै दुर्व्यसन बढ्दैछ । कार्वाही गरेर मात्र हुँदैन । लागूऔषध दुर्व्यसन रोक्ने भरपर्दो उपाय सचेतना नै हो । जुन कार्यक्रम अहिले घटेको छ । त्यसकारण कानूनी कार्वाहीसंगै लागूऔषधसम्बन्धी सचेतना व्यापक रुपमा फैलाऔं ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# बलियो स्थानीय सरकार



डा.पुरुषोत्तम मरहट्ठा

स्थानीय तह निर्वाचन नजिकिँदै गर्दा विभिन्न राजनीतिक दलले प्रशिक्षण कार्यक्रमको थालनी गरेका छन् । सिद्धान्तको राजनीतिमा आएको विचलनकै कारण केही समय लोकतन्त्रले आफ्नो लय समात्न सकिरहेको छैन । राजनीति परिपक्व हुनसकेको छैन । प्रजातन्त्र, लोकतन्त्र हुँदै गणतन्त्र आएको समेत १३ वर्ष बितिसक्दा पनि राजनीतिक संस्कार बन्ने र भत्कने क्रम जारी छ । नेपालको सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक र भूगोलसँग मिल्ने गरी दलहरूले प्रशिक्षण कार्यक्रम सञ्चालन नगर्ने हो भने कार्यकर्ताले भ्रम पाल्नुपर्ने स्थिति देखिन्छ । केही समयअघि माओवादी अध्यक्ष पुष्पकमल दाहालले पुँजीबजारमा लगानी गर्नु साम्राज्यवादको विकसित रूप भएको टिप्पणी गर्नुभएको थियो । उहाँले चीनमा भएको पुँजीबजार विस्तार केको विकसित रूप हो त, भन्ने बारेमा केही बताउन सक्नुभएको छैन । उहाँको यही अभिव्यक्तिले व्यर्थमा त्यो समय सेयरबजार कति दिनसम्म ओरालो लागिरह्यो । त्यसैले नेताहरूले अबका दिनमा आफ्ना कार्यकर्तामाझ सस्तो लोकप्रियताका लागि बोल्दा मुलुकको कुन क्षेत्रमा के कस्तो असर पर्छ भन्ने विषयमा गम्भीर बन्न जरुरी छ । हालै नुवाकोटको एक कार्यक्रममा प्रधानमन्त्री शेरबहादुर देउवाले कुनै समय केपी ओलीले नेतृत्व गरेको पार्टीका तर्फबाट भीम रावल रक्षामन्त्री बनेका बेला एमसीसी सम्झौता अघि बढेकाले सम्झौता खराब र राष्ट्रविरुद्ध थियो भने किन उतिबेला चुप लागेर बसेको भनी प्रश्न गर्नुभयो । सत्तामा बस्दा मौन बस्ने र बाहिर आएपछि धुवाँधार विरोध गर्ने यस्तो परम्परा जारी रहने हो भने कार्यकर्ताले व्यर्थमा दुःख पाउनेछन् । दोहोरो भूमिका खेलेर नेताहरूले आफ्ना मतदातालाई भ्रममा राख्दै जाने हो भने जनता सत्य र सही सूचना पाउनबाट वञ्चित हुन पुग्छन् । दुईजिब्रे कुराले अन्त्यमा दलहरूको साखमा समेत ठूलो क्षति पुग्नेछ ।

समयमा निर्णय गर्न नसक्दा कार्यकर्तामा भ्रम सिर्जना हुन पुग्छ । लामो समय यसरी कसैलाई पनि दुविधामा राख्नु लोकतन्त्रका लागि मात्र होइन मुलुककै लागि घातक हुनेछ । विरोध गऱ्यो भन्दैमा लोकतन्त्रमा कसैको पनि मुख थुन्न सकिन्न । विरोध भनेको अधिनायकवादी हुन खोज्नेमाथि खबरदारी पनि हो । विरोधको अभावमा धेरै सत्ता निरंकुश हुन सक्छन् । जहाँ विरोधको मनग्ये स्थान रहन्छ त्यहाँ निरंकुशताको कुनै गुन्जायस रहन्न । त्यसैले विरोध विरोध मात्र नभएर यसले अन्यायविरुद्ध लड्ने रक्षा कवचको काम गर्छ । नेपालले हालका दिनमा विरोधीलाई विरोधको मौका दिएर बल प्रयोग भन्दा शान्तिपूर्ण तरिकालाई अवलम्बन गर्न खोजेको देखिन्छ । यसै क्रममा जनादेशको उत्तम मार्ग चुनाव नै हो । दलहरूले यसमा रणनीति र दाउपेचको भूमिका खेलिरहेका हुन्छन् । हालका दिनमा निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवं मितव्ययी गरेर मात्र होइन व्यवहारबाटै पारदर्शी र विश्वसनीय बनाउनुपर्छ । जसको अनुभूति जनताले गरुन् ।

केही समयदेखि दलहरूमा परिपक्वता देखिँदै आएको छ । समीकरणलाई लिएर काँग्रेसमा विचार स्पष्ट हुन वाद, विवाद र संवाद देखिन थालेको छ । शेखर कोइराला नेतृत्वको विचार समूह एक्लै चुनाव लड्नुपर्छ भन्ने पक्षमा छ भने संस्थापन पक्ष विद्यमान सत्तासँग चुनावी गठबन्धनसम्म तालमेल नगर्ने हो भने त्यसभित्रका केही दल वामपन्थी धारसँग हात बढाउन सक्नेतर्फ सचेत गराइरहेका छन् । चुनावअघि विचारको भेन्टिलेट हुनु द्वन्द्व बढेको नभई राजनीति ध्रुवीकरणतिर नजाओस् भनेर गरेको खबरदारी पनि हो । अर्कोतर्फ माओवादीका नेता घुँडा टेकेर तालमेल गरिँदैन भन्न थालेका छन् । माओवादी पार्टीका उच्चस्तरीय नेता भने कार्यकर्तालाई एक्लै चुनाव लड्ने गरी तयारी अवस्थामा रहन निर्देशन दिँदैछन् । जेहोस् तोकिएकै समयमा चुनाव हुनेमा भने सबै दल सहमत देखिएका छन् ।

समय परिस्थिति हेरेर हाल गठबन्धनमा रहेका दलसँग नै तालमेल गर्ने कि आगामी दिनको राजनीतिक परिस्थिति कसरी अघि बढ्छ त्यहीअनुसार गठबन्धन गर्ने भन्ने माओवादी मनसाय देखिएको छ । कुनै पनि दल सत्ता र शक्ति बिना रहन सक्दैन । शक्ति र सत्तामा दाउपेच चलिरहेको छ, चलिरहन्छ । राजनीतिका खेलाडीले आफ्नो दललाई अब्बल दर्जा दिन गोप्य रूपमा दाउपेच गरिरहेका हुन्छन् । विरोधीलाई असफल पार्ने रणनीति गुप्त रूपमै बनिरहेको हुन्छ । त्यसैले राजनीतिज्ञले दलको सिद्धान्तप्रति जनतालाई आश्वस्त बनाएर स्थानीय तहको चुनावमा आफ्नो दललाई विजयी बनाउन लाग्नुपर्छ । समयसापेक्ष रणनीति बनाउन सबै दल स्वतन्त्र छन् तर संविधानको रक्षा हुनेगरी प्रतिबद्ध र विश्वसनीय भएर प्रस्तुत हुनुपर्ने चुनौती पनि छ ।

संविधानले दिएको राजनीतिक दल खोल्न पाउने स्वतन्त्रताको सम्मानमा नचुक्ने र विधिबाट स्थापित दलको देशभक्तिमा कसैले प्रश्न गर्न सक्दैनन् । कुनै पनि दलले सस्तो लोकप्रियता र चुनावी रणनीतिका लागि कसैलाई राष्ट्रघाती र देशद्रोही भन्ने अधिकार छैन । राम्रो मनसायले काम गर्दा नेपाली काँग्रेसमाथि पटकपटक प्रहार भइरहेको देखिन्छ । ०१७ सालमा चुनाव धाँधली भयो भनेर विरोधी दलले चुनाव रद्द गराउने प्रयास असफल भयो । त्यसपछि पनि काँग्रेसको मोर्चामा डा. केआई सिंह, टंकप्रसाद आचार्य र रङ्गनाथ शर्मा मिलेर काँग्रेसले नेतृत्व गरेको सरकारको विरोधमा राष्ट्रिय प्रजातान्त्रिक मोर्चा गठन गरेर संसद्भित्र र बाहिर विरोध सुरु गर्नुभयो । सरकारमा रहेका दललाई चौतर्फी आक्रमण गर्ने परम्परा नेपालमा विगतमा पनि निरन्तर चल्दै आएको छ । त्यसैले अबका दिनमा कार्यकर्तामाझ जाँदा नेताले कसैलाई पनि उचाल्ने र पछार्ने राजनीति गर्नु हुँदैन । सभ्य संस्कार निर्माण गर्नुपर्छ ।

सत्तासीन दलभित्र अझै पनि गठबन्धन गर्ने कि नगर्ने भन्ने विषयमा अन्योल छ । प्रतिपक्षलाई सत्तोसराप गरेकै भरमा नेतालाई स्यावासी दिने परम्परा अबका दिनमा काम छैन । दलको विचारधारा, दर्शन र कार्यक्रम जति राम्रो हुन्छ त्यति सर्वसाधारणलाई आकर्षण गर्न सकिन्छ । हिजोको इतिहास भजाएर फेरि मतदातालाई छक्याउन सकिन्छ भन्ने भ्रम दलहरूले तोडे हुन्छ । नेपाली जनता सानो असन्तोषका लागि सडकमा आइसकेको हुन्छ । व्यवस्थापकीय क्षमता सिकेर मात्र जानिने हो । यतिबेला ठूला दलले आफ्ना कार्यकर्तालाई प्रशिक्षण दिन केन्द्रीय प्रशिक्षकका रूपमा खारिएका नेतालाई सातै प्रदेशमा खटाइसकेका छन् । हरेक व्यक्ति आस्थाको राजनीति गर्न स्वतन्त्र हुने भएकाले दलहरूलाई आआफ्ना कार्यकर्ता दलभित्र टिकाइराख्न ठूलो चुनौती बनेको छ । यसका लागि उग्र विचार पस्केर फाटो पार्ने काम कुनै पनि हालतमा सह्य हुँदैन, चुनाव त जितिन्छ वा हारिन्छ । बद्दो प्रतिस्पर्धाका बीच प्रतिस्पर्धी दलसँग कसरी लोकतान्त्रिक संस्कार र आचरण कायम गर्ने ।

दलको विचार र स्वार्थ मिल्नेलाई प्रशिक्षित गर्न शालीन तरिकाले प्रस्तुत हुने प्रशिक्षकले कहिल्यै पनि एक अर्को दलप्रति राग, द्वेष र घृणाको विजारोपण गर्नु हुँदैन । लोकतान्त्रिक अभ्यासमा हरेक व्यक्तिलाई आफ्नो दलसँग नजिक हुने र अरूको अधिकारको सम्मान गर्ने स्वतन्त्रता पनि उत्तिकै हुन्छ । नेताले कार्यकर्ताको सोचाइमा आउने परिवर्तनसँग गम्भीर बन्न सक्नुपर्छ । स्थानीय सरकार बलियो बनाउन भविष्यमा केकस्तो चुनौतीको सामना गर्नुपर्छ त्यसको पूर्वानुमान गर्दै आफ्ना कार्यकर्ता नै मुख्य औजार हुन् भन्ने महत्व बुझाउन सक्नुपर्छ । जनताको सबैभन्दा नजिकको सरकार भनेको पालिका नै हो । स्थानीय जनताले त्यहाँ आफ्नो सम्मानजनक जीवनयापनको सपना देखेको हुन्छ । विकासका लागि राष्ट्रिय सहमति बन्न नसकिरहेको वर्तमान अवस्थामा सत्ताका लागि दलीय सहमति बन्न सक्छ भने निष्पक्ष र धाँधलीरहित निर्वाचनका लागि एक अर्कोलाई सम्मानजनक स्थान दिन सक्नुपर्छ । प्रशिक्षणमा खाली चुनाव जित्ने रणनीतिमा मात्र ध्यान दिने हैन आफ्नै पार्टीको आन्तरिक गठबन्धन कस्तो छ त्यसलाई पनि ख्याल गर्नुपर्छ । हरेक दलले प्रपोगण्डालाई यताका केही समय आफ्नो हितमा प्रयोग गर्दा त्यसले विरोधी दललाई पनि के कस्तो प्रभाव पार्छ भन्ने बिर्सेका हुन्छन् ।

नेपाली जनता हल्लाको पछि लाग्ने भएकाले वास्तविक कुरा बुझेर निर्णय गर्ने क्षमताको विकास नभएसम्म सासाना एजेन्डामा सडक तताउने कार्य जारी रहनेछ । नेताले भ्रम फैलाउनकै लागि बिकाउने समानबारे जबसम्म जनताले बुझ्दैनन् तबसम्म राजनीति सही मार्गमा हिँड्न सक्दैन । प्रोपोगाण्डाको राजनीतिबाट जनता चुनावमा प्रभावित भएनन् भने जनताले सही उम्मेदवार रोजेर पठाउने छन् । प्रशिक्षणको नाममा दलहरूबीच द्वन्द्वको विषवृक्ष फैलाउने काम नेताबाट नहोस् । यति भयो भने स्थानीय सरकार बलियो हुनेछ । लोकतन्त्र र लोकतान्त्रिक संस्कारको जग पनि दरिलो बन्नेछ ।

# चीनका विदेशमन्त्रीको नेपाल भ्रमण



शंकरमान सिंह

चीनका विदेशमन्त्री वाङ यीको शुक्रबारदेखि सुरु हुने नेपालको तीनदिने औपचारिक भ्रमणले दुई देशबीचको सौहार्दपूर्ण मित्रतालाई अझ सुमधुर बनाउन सहयोग हुने अपेक्षा गरिएको छ । भ्रमणको प्रकृतिलाई लिएर धेरै अड्कलबाजी भए पनि यसले सम्बन्धित देशबीचको आपसी मित्रता, समझदारी र विश्वासको आधारलाई फराकिलो बनाउन मद्दत पुग्नेछ । नेपालको चीनसँग सौहार्दपूर्ण सम्बन्ध छ । हाम्रा सम्बन्धहरू शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तमा स्थापित छन् । एक चीन नीतिप्रति नेपाल प्रतिबद्ध छ, जुन हाम्रो चीन नीतिको मूलधारमा रहेको छ जबकी चीनले हाम्रो सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान गरिरहेको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले बुद्ध सभ्यताको साझा सम्पदाले समृद्ध नेपाल र चीनबीचको मित्रताको गहिरो सम्बन्ध रहेको बताउनुभएको छ। नेपाल-चीन सम्बन्ध समय-परिक्षित पारस्परिक विश्वासमा आधारित भएकाले सदियौँदेखि हामीले यो सद्भाव कायम राखेका छौँ,' राष्ट्रपति भण्डारीले चिनियाँ दैनिक ग्लोबल टाइम्सलाई दिएको अन्तर्वार्तामा भन्नुभयो । चीनले नेपालको विकास प्रयासमा उदारतापूर्वक सहयोग गरेको छ। नेपाल पनि सधैँ एक चीन नीतिप्रति प्रतिबद्ध रहँदै आएको छ । हाम्रो पारस्परिक विश्वासले हाम्रो सम्बन्धलाई धेरै हदसम्म समस्यामुक्त राख्छ । हाम्रा पारस्परिक सहयोगका क्षेत्रहरू निरन्तर विस्तार भइरहेका छन् । यो मित्रतालाई नयाँ उचाइमा पुऱ्याउन हामीले निरन्तर काम गरिरहनुपर्छ । नेपाल-चीन सम्बन्धमा अनगिन्ती सम्भावना छन् । राष्ट्रपति भण्डारीले सन् २०१९ मा चिनियाँ राष्ट्रपति सीको नेपाल भ्रमण स्मरणीय रहेको बताउनुभयो ।

प्रधानमन्त्री शेरबहादुर देउवाले दुई ठूला राष्ट्र चीन र भारतको बीचमा रहेको नेपालले विकासका लागि दुवै छिमेकीको सहयोग खोज्ने र उनीहरूसँग सन्तुलित र मैत्रीपूर्ण सम्बन्ध स्थापना गर्ने नीति रहेको र यो आवश्यकता रहेको बताउनुभएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले नेपालले एमसीसीको निर्णय गर्नु भनेको नेपालको सार्वभौमसत्ता र स्वाधीनतामा आँच पुऱ्याउने प्रयास भएको बताएको कुरा नेपाली प्रेसमा सार्वजनिक भएको थियो । साथै व्याख्यात्मक टिप्पणीलाई चीनले नोट गरेको सार्वजनिक भएको थियो । यसका साथै केरुङ-काठमाडौँ रेलवे परियोजना र अन्यमा तीव्र गति लिने अपेक्षा गरिएको छ । केरुङ- काठमाडौँ- पोखरा रेलवे र केरुङ-काठमाडौँ-लुम्बिनी रेलमार्गको पूर्व सम्भाव्यता भएका छलफल महत्वपूर्ण छन् । यातायात प्रोटोकलमा हस्ताक्षरपछि दुवै देशले एक पटक प्रोटोकल लागू भएपछि यसले नेपाली व्यापारीहरूलाई तेस्रो देशको व्यापारका लागि चिनियाँ समुद्री र ल्यान्ड पोर्ट प्रयोग गर्न अनुमति दिनेछ । सम्झौताका अनुसार, नेपालले चीनको चारवटा बन्दरगाह टियानजिन, शेन्जेन, लियान्युग र झान्जियाङ र तीन सुख्खा बन्दरगाह लन्झाउ, ल्हासा र शिगात्सेमा प्रयोग गर्नेछ ।

सन् २०१३ मा राष्ट्रपतिले बीआरआईको विश्वव्यापी पहललाई सिल्क रोड, आर्थिक बेल्ट र २१औँ शताब्दीको समुद्री सिल्क रोड निर्माण गर्ने विचार अगाडि सारेका थिए । हालसम्म त्यहाँ १२० भन्दा बढी देश र अन्तर्राष्ट्रिय संस्थाहरू छन् जसले यस फ्रेमवर्कअन्तर्गत चीनसँग सयौँ समझदारी पत्रमा हस्ताक्षर गरिसकेका छन् । साथै सहभागी देशहरू 'जीत-जीत' नतिजा प्राप्त गर्नका लागि साझेदारीका लागि रणनीतिक तालमेल बढाउन काम गरिरहेका छन् । सम्पर्क विस्तार र नेपालजस्ता मुलुकको आर्थिक विकासका लागि साझा अनुभवहरू विकासको आधारभूत चिन्ता र चासो हुन् । पूर्वाधारको अभाव विशेष गरी कम यातायात पूर्वाधार नेपालको आर्थिक विकासको अवरोध बन्न पुगेको छ। चीनले कृषि, उद्योग, पर्यटन र अन्य क्षेत्रमा विकासका लागि प्राविधिक सहयोग र चीनको भनाइअनुसार उत्तम सडकले राम्रो जीवनतर्फ लैजान्छ भन्ने भनाइ अनुरूप चीन पूर्वाधार निर्माण, सडक, एयरपोर्ट र सुक्खा बन्दरगाहको विकासमा नेपालको सहयोगमा सहयोगी बन्न सधैँ तयार देखिन्छ । नेपाल बीआरआईमा प्रवेश गर्ने औपचारिकता सकियो र अब बीआरआईको सहयोगमा ध्यान केन्द्रित हुनुपर्दछ । द्विपक्षीय र क्षेत्रीय महत्वका साथ केरुङलाई दक्षिण एसियाको प्रवेशद्वारका रूपमा बनाउन चीनले नेपालमा नयाँ चासो विकास गरेको छ । सबै राजनीतिक दल र व्यक्तिहरूले सामूहिक रूपमा स्वीकार गरेका छन् । सुशील कोइराला र केपी शर्मा ओलीको कार्यकालमा नेपालले एआईआईबीको संस्थापक सदस्य हुन हस्ताक्षर गरेको थियो । केपी शर्मा ओली पुष्पकमल दाहालको कार्यकालमा नेपालले ओबीओआरमा सामेल हुन हस्ताक्षर गऱ्यो र प्रधानमन्त्री शेरबहादुर देउवाको कार्यकालमा नेपालले विस्तृत परियोजना रिपोर्ट (डीपीआर) को लागि बजेट विनियोजन गरे रेलवे लाइनहरू नेपालसम्म जडान गर्नको लागि ।

नेपाललाई उत्तर र दक्षिणबाट बढी सम्पर्कको आवश्यकता छ किनकी नेपाल पूर्वदेखि पश्चिमसम्म विस्तार भएको छ । हामीलाई जडानको आवश्यक छ । यारीदेखि मोहोना, धनगढी, दार्चुला, ट्रिङ्कर - ४१५ किमी; नेपालगञ्ज-सुर्खेत, जुम्ला, हिल्सा, यारी र पुरम - ५८१ किलोमिटर; भैरहवा, पोखरा, जोमसोम, लिसी - ४६७ किलोमिटर; रक्सौल, त्रिशूली, रसुवा - २६५ किलोमिटर; वीरगञ्ज, नौबिसे, काठमाडौँ, तातोपानी, कारोम - ३९३ किलोमिटर; जनकपुर, दोल्खा, लामा बागर २९५ किलोमिटर; रानी, इटहरी, हिले, किमाथाङ्का-९१ किलोमिटर; केसना, ताप्लेजुङ, ओलान्चुगोला -४६० किलोमिटरको कनेटिविटीका लागि चीन नेपालको दोस्रो ठूलो व्यापारिक साझेदार हो । २००९ देखि चीनले ८००० भन्दा बढी नेपाली उत्पादनलाई शून्य ट्यारिफ प्रवेश सुविधा दिएकोमा सो संख्यामा कमी ल्याइएको छ किनकी ती व्यावहारिक हुन सकेनन् ।

नेपालले व्यापार घाटा कम गर्न सकेको छैन । नेपालले नूडल्स र कृषि उत्पादनहरू सहित चीनमा करिब ३७० उत्पादन निर्यात गर्दछ । नेपालले चीनमा आयोजित विभिन्न व्यापार मेलाहरू र प्रदर्शनीमा नियमित रूपमा भाग लिन्छ ।यद्यपि चीन नेपालको प्रमुख व्यापारिक साझेदार भएको छ । आधुनिक भुक्तानी विधिमार्फत व्यापारलाई प्रवर्द्धन गर्नका लागि नेपाल र चीनका केन्द्रीय बैङ्कहरूबीच सहमति भए पनि बैङ्किङ च्यानलजस्ता पत्राचार अग्रीम टीटी भुक्तान- यति धेरै अवरोध छन् जसका कारण ठूलो संख्यामा नेपाली व्यापारीले यस व्यवस्थाबाट फाइदा लिन सकेका छैनन् । एकातर्फ, नेपाल र तिब्बत बीचको व्यापार पारस्परिक हिसाबले आधारित छ । जबसम्म हामी बैङ्किङ च्यानलमार्फत बीमा, वितरण र भुक्तानी बिलसँगै एल/सी (लेटर अफ क्रेडिट) अभ्यास विकास नगरेसम्म व्यापार लेनदेनमा पर्याप्त वृद्धि हुने सम्भावना हुँदैन ।

चीनबाट नेपाल भ्रमणमा आउने पर्यटकलाई दोस्रो ठूलो स्रोतको रूपमा लिइन्छ । कोभिड अगाडिका वर्षमा प्रतिवर्ष एक लाख ३० हजारभन्दा बढी चिनियाँ पर्यटक नेपाल आउँथे । यस्तै, नेपालमा लगानी गर्नु अहिले एक लाभदायक व्यवसाय हो । सरकार शब्दले नभई कार्यद्वारा लगानीमैत्री वातावरण कायम गर्न प्रतिबद्ध छ । नेपाल लगानीका लागि उर्वर भूमि हो । जलविद्युत्, कृषि, पर्यटन, सेवाहरू, निर्माण उद्योगलगायतका क्षेत्रमा लगानीका लागि अथाह क्षमताहरूको भूमिमा पर्याप्त सम्भावना र सम्भाव्यता छ । नेपालको लगानी बोर्ड र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रबीच कार्यगत एकता गरी कार्य गर्नुपर्ने देखिन्छ । चीन नेपालमा एफडीआईको सबैभन्दा ठूलो स्रोत बनेको छ । नेपालमा पनि अनुकूल वित्तीय वातावरण छ । उद्योग, ऊर्जा, भौतिक पूर्वाधार, आवास, सहरी पूर्वाधार र पर्यटनमा निजी क्षेत्रको लगानी अपेक्षित छ । कम्पनी ऐनमा हालसालैका नीतिगत सुधार, औद्योगिक व्यवसाय ऐन, श्रम ऐन, एकीकृत सम्पत्ति अधिकार नीति, एकद्वार सेवा डेलिभरी, बाफिया, इत्यादि नेपालमा व्यवसायमैत्री वातावरण सिर्जनाका लागि अनुकूल छन् ।

नेपालको कानुनले लगानी र पुनःनिवेशबाट आर्जित आयको पूर्ण फिर्ती फिर्ता लिन अनुमति दिन्छ । नेपालमा दर्ता भएका विदेशी कम्पनीले जग्गा खरिद गर्न, स्वामित्व राख्न र बिक्री गर्न सक्छन् । राष्ट्रिय र विदेशी लगानीकर्ताहरू बीच कुनै भेदभाव गरिएको छैन । निजी उद्योगको राष्ट्रियकरणको कुनै सम्भावना छैन । नेपालमा प्रतिस्पर्धी बनाउने अर्को कारक सस्तो श्रम शक्ति र सुधारिएको श्रम कानुन र औद्योगिक सम्बन्धको उपलब्धता हो ।जब हामी नेपाल चीन सम्बन्धको कुरा गर्छौं, स्थापित मान्यताहरू फाइदाजनक छन् । पहिलो, नीति समन्वयलाई सुदृढीकरण गर्ने र आपसी विश्वासलाई सुदृढ गर्न जुन दुई सरकारले सक्रियताका साथ वार्ता र सञ्चार गर्दछन्, दुवै देशबीच सबै तहमा उच्चस्तरको भ्रमण बारम्बार भइरहेका छन् । दोस्रोः मुलुकहरूको आर्थिक विकासका लागि कनेक्टिविटी र साझा अनुभवहरू विस्तार गर्दै लानु अनिवार्य छ । तेस्रोः विन-विन सहयोगका लागि संयुक्त रूपमा निर्माण सडकको निरन्तर व्यापारको प्रवर्द्धन भइरहेका छन् । चीन नेपालको सीमापार आर्थिक सहयोग, सम्झौता र द्विपक्षीय लगानी प्रवर्द्धन र संरक्षण सम्झौता (बीआईपीपीए) मा हस्ताक्षर गर्नु केही पक्ष हुन् जसलाई तत्काल ध्यान दिनु आवश्यक छ ।

चीनका विदेशमन्त्रीको भ्रमणका बेला नेपालले चीनको बेल्ड एन्ड रोड इनिसिएटिभ (बीआरआई) परियोजनादेखि पारवहनसम्मका एजेन्डालाई उठाउने तयारी गरेको छ । भ्रमणको अवसरमा चीनले अघि बढाएको बेल्ट एन्ड रोड अवधारणा (बीआरआई) अन्तर्गतका परियोजना कार्यान्वयनका लागि नेपालले तयार पारेको योजनाबारे छलफल गर्ने तयारी छ । नेपालले बीआरआई सम्झौतामा हस्ताक्षर गरेको पाँच वर्ष भइसकेको छ । स्मरण रहोस, २०७६ असोज २५ मा चिनियाँ राष्ट्रपतिको भ्रमणका क्रममा पनि नेपाल र चीनबीच यातायात सञ्जालसम्बन्धी भौतिक पूर्वाधार, कृषि जलविद्युत्, शिक्षा स्वास्थ्यलगायत विभिन्न क्षेत्रमा १८ वटा समझदारी पत्रमा हस्ताक्षर भएको थियो तर ती सम्झौता र समझदारीलाई अगाडि बढाउन दुवै पक्षबाट प्रभावकारी पहल नभएका बेला यी मुद्दालाई जोडतोडले उठाउने गरी सरकारी निकायहरूले गरेका छन् । यस भ्रमणले सम्बन्धित दुई देशहरूबीचको आपसी मित्रता, समझदारी र विश्वासको आधारलाई फराकिलो बनाउने अपेक्षा गरिएको छ ।

# झापाका यातायात व्यवसायीहरु संगठित



*सुरुङ्गा(प्रस)।* झापाका यातायात कम्पनीका अध्यक्षहरुको भेलाले झापा संयुक्त यातायात व्यवस्थापन समिति गठन गरेको छ ।

मेची यातायात एण्ड अटो प्रालिको प्रधान कार्यालय सुरुङ्गामा बसेको भेलाले पूर्वी वस व्यवसायी प्रालिका अध्यक्ष विष्णुकुमार श्रेष्ठको संयोजकत्वमा झापा संयुक्त यातायात व्यवस्थापन समिति गठन गरेको हो । समितिको सहसंयोजकमा मेची यातायात एण्ड अटो प्रालिका केशवबहादुर थापा, सचिवमा पूर्वी हिमाल यातायात प्रालिका अध्यक्ष हेमराज दाहाल रहेका छन् । त्यस्तै सदस्यहरुमा झापामा क्रियाशील सबै यातायात प्रालिका अध्यक्षहरुलाई राखिएको यातायात व्यवसायी रमेश शिवाकोटीले बताए ।

संयुक्त यातायात व्यवस्थापन समितिले यस क्षेत्रमा चल्ने दिवा तथा यात्रुवाहक बसहरुमा भाडामा एकरुपता कायम गर्ने, यात्रु तानातानको विकृतिलाई अन्त्य गर्दै यात्रुलाई हुने सास्तीको अन्त्य गर्ने तथा सबै क्षेत्रमा राखिएका जथाभावी बुकिङ काउन्टरलाई हटाउने र आधिकारिक काउन्टरबाट मात्रै टिकट काट्ने प्रबन्ध मिलाउने शिवाकोटीले बताए । यसका लागि जिल्ला प्रशासन कार्यालयसंग समेत समन्वय गरिने समितिका सहसंयोजक थापाले बताए । व्यवस्थापन समितिको गठनपछि यात्रुलाई समयको समेत एकरुपता हुने विश्वास थापाले गरे । रातो प्लेटका निजी सवारी साधनले यात्रु बोक्न नपाउने तथा हायस गाडीले राति मान्छे बोक्न नपाउने नियम रहँदारहँदै नियमविपरित कार्य हुँदै आएकोमा अब यातायात व्यवसायीको पहलमा नियमन गर्ने निर्णय पनि भेलाले गरेको छ ।

# प्रदेश १ मा थपिए तीन सार्वजनिक बिदा

*झापा (प्रस) ।* प्रदेश १ सरकारले तीनवटा सार्वजनिक बिदा थप गरेको छ ।

मंगलबार बसेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को बैठकले संघीय सरकारले २०७९ सालका लागि स्वीकृत गरेकाबाहेक प्रदेशमा तीनवटा सार्वजनिक बिदा थप गरेको हो । यातायात व्यवस्था तथा सञ्चारमन्त्री उपेन्द्रप्रसाद घिमिरेले भदौ ४ गते मनाइने राधाकृष्ण रथयात्रा, कात्तिक १४ गते हुने छठ पर्वको समापनका दिन र कात्तिक २५ गते मनाइने महागुरू फाल्गुनन्द जयन्तीका दिन



प्रदेशमा सार्वजनिक बिदा दिइने निर्णय भएको जानकारी दिए । बैठकले असाध्य रोग लागेका २१ जना बिरामीको मागअनुसार उपचार खर्चबापत अनुदान दिने, अन्तर्राष्ट्रिय विकास सहायता परिचालन तथा समन्वयसम्बन्धी कार्यविधि, २०७८ स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने र वित्तीय समानीकरण अनुदान तथा राजश्व बाँडफाँटको बजेट सीमा निर्धारण गर्ने सम्बन्धको प्रस्ताव पनि अनुमोदन गरेको छ । यस्तै, कृषि मन्त्रालयले प्रस्तुत गरेको 'प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान (पहिलो संशोधन) नियमावली २०७८' स्वीकृत गरेको छ । त्यसैगरी, पर्यटन तथा संस्कृति मन्त्रालयले प्रस्तुत गरेको पदमार्गमा आधारित पर्यटन विकास परियोजना प्रतिवेदन र प्रदेश प्रज्ञा प्रतिष्ठान विधेयक, २०७८ प्रदेशसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएको यातायात व्यवस्था तथा सञ्चारमन्त्री घिमिरेले जानकारी दिए ।

# बिर्तामोडमा ब्यक्तित्व विकास तालिम

*बिर्तामोड (प्रस) ।* बिर्तामोड ८ स्थित गरामनीमा ब्यक्तित्व विकास तथा माईन्यूट लेखन तालिम समापन भएको छ ।

गत चैत ६ गतेबाट ग्रिन मिडियाको आयोजना, समय संजाल मिडियाको समन्वय र बिर्तामोड नगरपालिकाको सहयोगमा शुरु भएको तालिममा ४५ जना महिला र पुरुष सहभागी थिए ।

वडाभित्र रहेका १५ वटा टोल विकास संस्थाका १/१ जना महिला, पुरुष र जनप्रतिनिधिले सहभागिता जनाएका थिए । सहिद स्मृति भवन गरामनीमा आयोजित कार्यक्रममा कार्यक्रम संयोजक बिष्णु भट्टराईको अध्यक्षता तथा प्रदेश सांसद एकराज




कार्कीको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा उपप्रमुख पवित्रा महतारा प्रसाई,शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख तिलचन भण्डारी ,नगर खेलकुद समिति अध्यक्ष टीका संग्रौला, एमाले नगर कमिटी अध्यक्ष सुवास भट्टराईले मन्तव्य राखेका थिए ।

कार्यक्रममा प्रशिक्षार्थीहरु सरस्वता थपलिया,अनिल अधिकारी,गंगा मिश्रलगायतले तालिमबाट प्राप्त अनुभव सुनाएका थिए ।

कार्यक्रममा एमाले बिर्तामोड नगर सहइन्चार्ज उमेश खतिवडा ,सचिव शेखर कँडेल,बद्री भट्टराईलगायतको उपस्थिति रहेको थियो । युवराज गौतमले संचालन गरेको तालिमको सहजीकरण सन्तोष आचार्य ,गणेश पोखरेल ,जय तिम्सिना ,टीका सुवेदी, सरोज पौडेललगायतले गरेका थिए ।

# दमक गोल्डकपमा एमालेले राजनीति घुसाएको छ : कांग्रेस

*दमक (प्रस) ।* नेपाली कांग्रेसले दमकमा जारी गोल्डकपमा नेकपा एमालेले राजनीति घुसाएको आरोप लगाएको छ ।

कांग्रेसले दमकमा पत्रकार सम्मेलन गरी दमक गोल्डकप सवै दमकबासीको अपनत्व गराउनेभन्दा पनि आसन्न चुनावलक्षित पार्टी गतिविधि जस्तो मात्र भएको आरोप लगाएको हो ।



कांग्रेस नेतृत्वले दमक गोल्डकप फुटबलका लागि अत्यन्त राम्रो काम भएपनि त्यसलाई सफल बनाउनभन्दा स्थानीय सरकारको नेतृत्व गर्दै आएको पार्टी र गोल्डकपको संयोजन गर्दै आएको कथित खेलकुद विकास समितिले राजनीति गर्न खोजेको आरोप लगाए ।

गोल्डकप हामी सबैको साझा बन्न सक्नु पर्थ्यो भन्दै नेपाली कांग्रेसकी संघीय सांसद महेन्द्रकुमारी लिम्बूले तर प्रतियोगिताको तामझम हेर्दा नेकपा एमालेले खेलकुदमा चुनाव फसाएको जिकिर गरिन् । उनले आफू दमककै बासिन्दा भएर पनि खेल हेर्न आफूलाई बन्चित गराएको सुनाईन् । स्थानीय सरकारको कामकाजप्रति तीब्र आक्रोश पोख्दै कांग्रेस केन्द्रीय सदस्य समेत रहेकी नेतृ लिम्बूले भनिन्, -' पाँच वर्षसम्म स्थानीय सरकारले यस्तै तरिकाले मनपरी गरेको छ, हामी हिसावकिताव खोज्छौ ।'

कार्यक्रमस्थलबाट गोल्डकपको शुभकामना दिँदै उनले गोल्डकपमा हाम्रो पार्टी र त्यसलाई सफल बनाउन गठन गरिएका कुनै पनि समितिमा बसेर सहयोग नपुऱ्याउन निर्देशन पनि दिइन् । २४ घण्टाभित्र गोल्डकपको कुनै पनि समितिमा बसेका कांग्रेस नेतृत्व, क्रियाशील सदस्यहरुले आफ्नो जिम्मेवारीबाट अलग हुन उनले कडा निर्देशन दिइन् ।

कार्यक्रममा बोल्दै कांग्रेस क्षेत्रीय सभापति ढुण्डिराज भण्डारीले दमक गोल्डकप आयोजना हुनु खुशीको विषय भएपनि त्यसको कार्यशैलीप्रति तितो बोल्न बाध्य हुनु परेको बताए । गोल्डकपप्रति कांग्रेसले असहयोग गर्न खोजेको नबुझ्न आग्रह गर्दै उनले तर गोल्डकपमा कताकता एकपक्षीय जस्तो भएको टिप्पणी गरे । उनले भने, -'दमक गोल्डकपमार्फत दमकलाई चिनाउन खोजिए पनि यसको तामझाम भने एमालेले फुटवल खेलाए जस्तो देखिन्छ, यस्तो हुनु दुखद हो '

कांग्रेस क्षेत्रीयसहित प्रदेश सभा, दमकका कांग्रेस नेतृत्वहरुको उल्लेखनीय सहभागिता रहेको उक्त पत्रकार सम्मेलनमा कांग्रेस प्रदेश ( ख) का सभापति रवि केसीले पनि दमक गोल्डकप यसअघिका गोल्डकप जस्तै देखिएको बताए । सीमित समूह,पार्टीबाट गोल्डकप परिचालित हुनु ठिक नभएको उनले टिप्पणी गरे ।कांग्रेस दमक नगर सभापति प्रकाश प्रसाईले दमक गोल्डकप आयोजना हुनु स्वागतयोग्य भएपनि त्यसभित्र भने राजनीति गर्न खोजिएको बताए । बाटोघाटो,विद्यालय ,खोलानालामा स्थानीय सरकारले राजनीति गरेको उदाहरण दिदै उनले यति हुँदाहुँदै अव खेलकुदमा समेत राजनीतिकरण गरेर आफनो अनुहार उदाङ्गो पारेको टिप्पणी गरे ।पत्रकार सम्मेलनमा कांग्रेस १ नम्बर प्रदेश सदस्य भूमिराज राई, महाधिवेशन प्रतिनिधिहरु राजन ढुंगाना,रेगिना भट्टराई प्रसाई, आइन्द्र केरुङ ,टिकाराज सापकोटालगायतका युवा नेता, नगरका पदाधिकारी,सदस्य तथा वडा सभापतिहरु, विभिन्न भूमिकामा रहेका पार्टी कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

# अक्षयकोषबाट झोला वितरण

*भद्रपुर (प्रस) ।* चन्द्रगढीस्थित एक सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई विद्यालयका पूर्व प्रधानाध्यापक स्व. डिल्लीप्रसाद भट्टराई स्मृति अक्षयकोषबाट झोला वितरण गरिएको छ । विरेन्द्र मावि चन्द्रगढीमा शिशुदेखि कक्षा ५ सम्म अध्ययनरत छात्रछात्रालाई भट्टराई स्मृति अक्षयकोषकी संरक्षक स्व.भट्टराईकी पत्नी दुर्गादेवी भट्टराईले झोला वितरण गरेकी हुन् । ५ लाख ५हजार ५ सय ५५ रुपैयाँबाट स्थापित



अक्षयकोषको रकमबाट प्राप्त हुने व्याज ६५ हजारले कक्षा ८ देखि कक्षा १२ सम्मका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको र बाँकी रकमबाट झोला वितरण गरिएको विद्यालयका प्रधानाध्यापक खिलाराज कोईरालाले बताए ।कोईरालाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन विद्यालयका शिक्षक ईन्द्रबहादुर पौडेलले गरेका थिए ।

कार्यक्रममा विद्यालयका पूर्व शिक्षक खडानन्द भट्टराई ,कर्मचारी भोलाप्रसाद पोखरेललगायतको उपस्थिति रहेको थियो ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा



PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल
भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd.2065
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## राशिफल



ज्योतिस पं. लक्ष्मी सुवेदी
लक्ष्मीपुर, झापा
चिना,टिप्पन,वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्कः ९८१६९१७७८७/९८१७०८१९९०

**मेष** आज कूटनीतिक नियोगको सहयोग मिल्ला । आफन्तको सहयोग प्राप्त हुनेछ । आज

**वृष** आज वैदेशिक कार्य अघि बढ्नेछ । कला र गलाको प्रभाव बढ्नेछ ।

**मिथुन** आज कुनै समाचारले मनमा शान्ति छाउनेछ । नजिकको मित्रसँग भेटघाट

**कर्कट** आज लाभदायक यात्रा हुनेछ । बिना प्रतिस्पर्धा फाइदा हुनेछ ।

**सिंह** मनमा निराशा र शरीरमा आलस्य आउला । कार्यमा बाधा आउनसक्छ ।

**कन्या** आज अँटेको र ताकेको कार्य पुरा होला । राजनीतिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** शुभारम्भको चर्चा चल्नेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**वृश्चिक** जोशजाँगर र हिम्मत बढ्नेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ ।

**धनु** सानातिना समस्यामा अल्झनुपर्नेछ । स्वास्थ्य क्षेत्रमा सजगता अपनाउनु पर्नेछ ।

**मकर** रोकिएका काम पुनः सुरु हुन सक्छन् । लत्ता कपडामा खर्च बढ्न सक्छ ।

**कुम्भ** चिताएको कामले तीव्रता लिनेछ । आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ ।

**मिन** अतिथिको रूपमा सत्कार पाइन सकिनेछ । भौतिक साधन जुटाउने समय छ ।